सभाका अध्यक्ष एवम् नगर प्रमुखज्यू,

नगर सभाका सदस्यज्यू

१. महानगरको आगामी सोच एवम् जनआकाङ्क्षा समेटिएको आर्थिक वर्ष २०८०।८१ को नीतिलाई कार्यक्रम र बजेटमार्फत् व्यावहारिक रुपमा कार्यान्वयनमा ल्याउनका लागि नेपालको संविधानको धारा २३० को प्रबन्ध बमोजिम सम्मानित तेह्रौं नगरसभा समक्ष आ.व. २०८०/८१ को आय र व्यय अनुमान प्रस्तुत गरिरहँदा अत्यन्त गर्वको महसुस गरेको छु।

२. यस बजेटले महानगरपालिकाको सामाजिक, आर्थिक, सांस्कृतिक, प्रविधि र दिगो पूर्वाधार विकासमा रणनीतिक महत्व राख्ने विश्वास लिएको छु।

३. यस महत्वपूर्ण अवसरमा देशको निम्ति बलिदान गर्ने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै संघीय शासनपद्धतिलाई आत्मसात् गर्दै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि प्राप्तिको लागि संघर्ष गर्नुहुने महान् नेपाली जनता र सो अभियानको सफल नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरूप्रति हार्दिक सम्मानभाव व्यक्त गर्न चाहन्छु।

४. **"मध्य नेपालको सुन्दर शहर : समृद्ध र सुसंस्कृत भरतपुर महानगर"** भन्ने मूल नारालाई आत्मसात् गर्दै स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि उत्पादन, खानेपानी, दीगो पूर्वाधार विकासनिर्माण तथा प्रभावकारी सेवा प्रवाहमार्फत् सुशासन कायम गरी महानगरवासीलाई परिर्वतनको प्रत्यक्ष लाभ पुर्याउन महानगरपालिका कटिबद्ध रहेको जानकारी गराउन चाहन्छु।

५. नेपालको संविधान, संघीय तथा बागमती प्रदेश सरकारबाट जारी ऐन, नियमावली तथा स्थानीय सरकार सञ्चालनको मार्गदर्शनको रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४; महानगरको अर्थ विधेयक,२०८०; विनियोजन विधेयक, २०८०; आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम, संघीय तथा बागमती प्रदेश सरकारको आ.व. २०८०/८१ का नीति तथा कार्यक्रम, स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७, महानगरका विषयगत समितिका सुझावहरू, विज्ञ महानुभावका सुझावहरु, दीगो विकासका लक्ष्यहरु, नगर सभाका सदस्यज्यूहरूले दिनुभएका सुझावहरू, सञ्चारकर्मी, नागरिक समाज, राजनीतिक दलहरू, विभिन्न संघ संस्था एवं सरोकारवालाको सुझाव र महानगरबासी दिदीबहिनी तथा दाजुभाइहरूबाट प्राप्त महत्वपूर्ण सुझाबहरूलाई समेत समेटी आ. व. २०८०/ ८१ को नीति तर्जुमा र सोको कार्यान्वयन गर्न अनुमानित यो आय र व्यय प्रस्तुत गरिएको छ।

६. अव म महानगरपालिकाको वर्तमान वित्तीय अवस्थाको संक्षिप्त जानकारी प्रस्तुत गर्न चाहन्छु । चालु आ. व. २०७९।८० को लागि कुल अनुमानित आय रु ६ अर्व २१ करोड १९ लाख ७४ हजार (जेठ मसान्तसम्मको पूरक बजेट तथा थप अख्तियारी समेत) र व्ययतर्फ रु र ६ अर्व २१ करोड १९ लाख ७४ हजार ( पूरक बजेट तथा थप अख्तियारी समेत) अनुमान गरिएको थियो।अनुमानित आयमा २०८० जेठ मसान्तसम्म महानगरले आन्तरिक आम्दानी रु ९७ करोड ५८ अर्थात ६६ प्रतिशत (घर जग्गा रजिष्ट्रेशन तथा जनसहभागिता सहित) आम्दानी गरेको छ।

७. व्यय तर्फ चालु शीर्षकमा रु २ अर्व ६६ करोड १० लाख १९ हजार विनियोजन भएकोमा २०८० जेठ मसान्तसम्म रु १ अर्व ७५ करोड ५८ लाख ८८ हजार अर्थात ६५ प्रतिशत र पुँजीगततर्फ रु ३ अर्व ५५ करोड ९ लाख ५५ हजार विनियोजन भएकोमा १ अर्व २१ करोड ९१ लाख ६९ हजार अर्थात ३५

प्रतिशत गरी कुल खर्च जम्मा रु २ अर्ब ९८ करोड ५ लाख अर्थात ४८ प्रतिशत खर्च भएको अवस्था छ। गत आ.व. जेठ मसान्तसम्म चालु खर्च ६१ प्रतिशत तथा पुँजीगत खर्च ३५ प्रतिशत रहेको थियो।

८. २०८० आषाढ मसान्तसम्म संशोधित अनुमानमा आन्तरिक आम्दानीतर्फ जनसहभागिता तथा घरजग्गा रजिष्ट्रेसन शुल्क समेत गरी करीब रू. १ अर्ब २५ करोड आम्दानी रहने अनुमान गरिएको छ। खर्चतर्फ चालु खर्च करीब रू २ अर्ब ५ करोड ५० लाख र पुँजिगत खर्चतर्फ करीब रू १ अर्ब ७७ करोड तथा संघीय र बागमती प्रदेश सरकारको सशर्त, समपूरक तथा विशेष अनुदान गरी एकमुष्ट रु १५ करोड फ्रिज हुने संशोधित अनुमान गरिएको छ।

९. अब म आगामी आ.व. २०८०।८१ मा प्रस्ताव गरिएको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

क. उत्पादन वृद्धिमार्फत् आत्मनिर्भर महानगरपालिका

ख. गुणस्तरीय शिक्षा तथा स्थास्थ्यमा नगरबासीको पहुँच वृद्धि

ग. उत्पादनमूलक रोजगारी सिर्जना

घ. दिगो तथा वातारणमैत्री पूर्वाधार विकास

ङ. सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता एवं सूचना प्रविधिको प्रयोगमार्फत सुशासनको अनुभूति

१०. आर्थिक वर्ष २०८०।८१ को बजेटका प्राथमिकताका क्षेत्रहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

१. शहरी पूर्वाधार, भूउपयोग तथा वस्तिविकास र अधुरा योजनाहरुको निरन्तरता

२. कृषि तथा पशुविकास कार्यक्रम

३. शिक्षा विकास

४. नियमित सडक मर्मत सम्भार

५. स्वास्थ्य सेवा

६. वातावरण, सरसफाइ एवं हरियाली निर्माण

७. सूचना प्रविधि तथा डिजिटल प्रणालीको उपयोग

८. सहकारी तथा रोजगार प्रर्वद्धन

९. पर्यटन तथा उद्योग र वाणिज्य प्रर्वद्धन

१०. युवा तथा खेलकुद विकास

११. लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण

१२. विपद् तथा प्रकोप कोष संचालन

१३. राजस्व प्रशासन सुदृढिकरण

१४. कर्मचारी प्रशासन सशक्तीकरण तथा जनशक्ति विकास परिचालन

१५. नीजि क्षेत्रसँग सहकार्य

उल्लिखित उद्देश्य एवम् प्राथमिकता कार्यान्वयन गर्न नेपाल सरकार, बागमती प्रदेश सरकार, छिमेकी स्थानीय सरकार, निजी तथा सहकारीक्षेत्र, गैरसरकारी क्षेत्र, स्थानीय टोलविकास संस्था तथा कानून बमोजिम दर्ता भएका विभिन्न संघ संस्थासँग अधिकतम समन्वय एवं साझेदारी गरिनेछ।

सभाका अध्यक्ष एवम्
नगर सभाका सदस्यज्यू,

११. अब म महानगरको आ.व. २०८०।८१ कुल आय व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१२. महानगरपालिकाको आ.व. २०८०/८१ को प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि कुल व्यय रू. ६ अर्व ३१ करोड ७९ लाख ९० हजार रहेको छ। यसको लागि आन्तरिक आय रु १ अर्व ७५ करोड (घरजग्गा रजिष्ट्रेशन एवं खानी तथा खनिजजन्य पदार्थको वाँडफाँडबाट प्राप्त आय समेत), अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रु १ अर्व ८३ करोड ९९ लाख ७५ हजार, केन्द्र तथा बागमती प्रदेश सरकारको राजस्व बाँडफाँडबाट प्राप्त रु ५४ करोड ८० लाख १५ हजार, जनसहभागिताबाट रु ५० करोड, बैंक मौज्दात रु १ अर्व ६५ करोड, सडक बोर्ड नेपालबाट रु ३ करोड रहने प्रक्षेपण गरिएको छ।

१३. अन्तरसरकारी अख्तियारी शीर्षकमा अनुमानित रु १ अर्व १० करोड रहने प्रक्षेपण गरिएको छ। जसलाई अन्तर सरकारी अख्तियारी शीर्षकबाट नै खर्च तथा लेखाङ्कनको प्रबन्ध गरिने छ।

१४. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन भएको प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## अधुरा तथा क्रमागत योजनाहरुको निरन्तरता

१५. चालु आ.व. मा निर्माण सम्पन्न हुन नसकेका तथा भुक्तानी बाँकीमा रहेका र क्रमागत एवम् बहुवर्षीय ठेक्का भएका योजनाहरु समयमै सम्पन्न गर्नको लागि एकमुष्ट रु १ अर्व ६५ करोड बजेट विनियोजन गरिएको छ।

## वडास्तरबाटै सम्पन्न हुने योजनाहरु

१६. हरेक वडाको समानुपातिक विकासका निम्ति सम्बन्धित वडास्तरबाट नै कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाइने छ। यसरी कार्यान्वय हुने योजनाहरुको लागि प्रत्येक वडाका लागि रु २ करोड ७५ लाखको दरले जम्मा रु. ७९ करोड ७५ लाख प्रस्ताव गरिएको छ।

## सहरी पूर्वाधार, भूउपयोग तथा वस्ती विकास

१७. महानगरपालिकाका ठुला तथा रणनीतिक महत्वका पूर्वाधार निर्माण गर्न एवम् संघीय र बागमती प्रदेश सकारबाट प्रस्ताव भएका समपूरक र विशेष अनुदान अन्तर्गतका योजनाहरुको कार्यान्वयन गर्नको लागि समपुरक साझेदारी कोष स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ जसको लागि रु १० करोड बजेट विनियोजन गरिएको छ।

१८. महानगरभित्र स्मार्ट सार्वजनिक शौचालयहरू निर्माण, फाउण्डेसन सहितको मेसजाली निर्माण, हरियालीसहितको नमूना सडक निर्माण, सिचाइ, कल्भर्ट, ग्राभेल, ह्युमपाइप खरिद, ओभरहेड ब्रिज निर्माण, **परियोजना बैंक** निर्माण लगायतका शहरी सौन्दर्य र भूउपयोग तथा वस्ती विकाससम्बन्धी नीति कार्यान्वयन गर्नको लागि एकमुष्ट रु १६ करोड विनियोजन गरिएको छ।

१९. आ.व. २०७९।८० मा स्रोत सुनिश्चितता गरी ठेक्का लगाइएका योजनाको स्रोत व्यवस्थापन गरी समयमा कार्य सम्पन्न गर्नको लागि रु १२ करोड विनियोजन गरिएको छ।

२०. नक्सा प्रणालीलाई व्यवस्थित गर्नुका साथै विद्युतीय नक्सा पास प्रक्रियालाई सुदृण गर्ने र भवनसंहिता सम्बन्धी तालिम सञ्चालन गर्नको लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ।

### कृषि तथा पशुविकास

२१. कृषि क्षेत्रको आधुनिकीकरण तथा वैज्ञानिकीकरणका लागि कृषिमा यान्त्रिकीरण कार्यक्रमलाई निरन्तरता, कृषकहरूको क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरणका तालिमहरु संचालन, कृषकहरूलाई अनुदानमा कृषि यन्त्र उपकरण उपलब्ध गराउने, खाद्यान्न बिउ उत्पादन गर्ने, कृषकलाई उत्पादन परिमाणको आधारमा अनुदान दिने लगायतका कृषि सम्बन्धी नीति कार्यान्वयन गर्नको लागि रु ७ करोड विनियोजन गरिएको छ।

२२. दुध उत्पादनमा दिइँदै आएको उत्पादनमा आधारित प्रतिलिटर रु ३/-अनुदान कार्यक्रमलाई निरन्तरता, पशुपन्छी तथा माछामा लाग्ने रोगहरूको रोग निरोधात्मक, प्रतिरोधात्मक र उपचारात्मक सेवाहरू प्रदान, पशुपालन गर्ने कृषकहरूको लागि काउम्याट वितरण कार्यक्रम कार्यान्वयनलाई निरन्तरता, पशु बीमा कार्यक्रम सञ्चालन, मत्स्यफर्महरूमा प्रयोग हुने विद्युत् महसुलमा पचास प्रतिशत अनुदान सहयोगलाई निरन्तरता, आर्थिक अवस्था कमजोर भएका र रोजगारी नभएका विपन्न परिवारहरूको जिविकोपार्जनका लागि निर्वाहमुखी पशुपन्छीपालन कार्यक्रम कार्यान्वयनलाई निरन्तरता लगायत पशुविकास कार्यक्रम कार्यान्वयन गर्न रु ८ करोड बजेट विनियोजन गरिएको छ।

### शिक्षा विकास

२३. माध्यमिक तहका विद्यार्थीका लागि **पढ्दै कमाउँदै** कार्यक्रम सञ्चालन, **विद्यार्थीसँग मेयर** कार्यक्रम सञ्चालन, जस्तापाताको छानो भएका सबै कक्षाकोठामा फल्स सिलिङ र विद्यालय कलर कोड अनुसार सबै विद्यालयको रङ्गरोगनको कार्य यसै वर्ष सम्पन्न् गर्ने कार्यको लागि बजेट व्यवस्थापन गरिएको छ।

२४. माध्यमिक विद्यालयमा स्तरोन्नति भएको वडा नं २९ को माध्यमिक विद्यालय चौकीडाँडाको चारकोठे भवन निर्माण, सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापक, शिक्षक र विद्यार्थीलाई नतिजाका आधारमा पुरस्कृत गर्ने तथा शिक्षामा पहुँच एवम् गुणस्तर कायम गर्ने लगायतको शैक्षिक विकासको नीति कार्यान्वयन गर्नको लागि रु १३ करोड बजेट विनियोजन गरिएको छ।

२५. महानगर प्रज्ञा प्रतिष्ठानलाई महानगरपालिकाभित्र साहित्य, भाषा, कला र संस्कृतिको संरक्षण संवर्धन तथा अध्ययन, अनुसन्धानका लागि रु ३० लाख बजेट व्यवस्था गरिएको छ।

### नियमित मर्मत सम्भार

२६. महानगरपालिका भित्र सडक खाल्टाखुल्टी नियमित मर्मत संभार कार्यको लागि एकमुष्ट रु ५ करोड बजेट विनियोजन गरिएको छ।

### स्वास्थ्य सेवा

२७. बालबालिका ज्यष्ट नागरिक तथा लक्षित महिला समूहका लागि विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन, **समुदायसँग मेयर स्वास्थ्य कार्यक्रम** संचालनको, आयुर्वेद प्रकृतिक चिकित्सा तथा योग संचालनका गर्न एकमुष्ट रु ४ करोड बजेट विनियोजन गरिएको छ।

### खानेपानी, वातावरण सरसफाई तथा हरियाली प्रवर्द्धन

२८. महानगरपालिकाभित्र मासिक ७ हजार लिटरसम्म खानेपानी उपभोग गर्ने उपभोक्ताको खानेपानी महशूल भुक्तानीमा निरन्तरता, एक वडा एक पार्क निर्माण कार्यलाई निरन्तरता, फोहोरको प्रभावकारी संकलन,

ढुवानी तथा व्यवस्थापन एवं हरियाली प्रवर्द्धन गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रु ४ करोड बजेट विनियोजन गरिएको छ ।

२९. महानगरपालिकाको दिगो फोहोरको व्यवस्थापनको लागि व्यवस्थित ल्यान्डफिल्ड साईड पूर्वाधार निर्माण कार्यको प्रारम्भ गरिनेछ जसको लागि रु ३ करोड बजेट विनियोजन गरिएको छ ।

३०. केरुङ्गा तथा पुङ्गीखोलाले ओगटेको सार्वजनिक जग्गा संरक्षण एवं पूर्वाधार निर्माण गर्न रु १ करोड ६५ लाख बजेट विनियोजन गरिएको छ ।

३१. महानगरपालिकालाई हरियालीमैत्री बनाउन **हरियाली महानगरपालिका कार्यक्रम** कार्यान्वयनमा ल्याउनको लागि रु ४ करोड बजेट विनियोजन गरिएको छ ।

**सूचना तथा प्रविधि एवम् डिजिटल प्रणाली**

३२. जी .आइ. एस मा आधारित डिजिटल प्रोफाइल एवम् मेट्रिक प्रणाली तयार गरी घर नम्बर प्लेट जडान गर्ने, केन्द्रीय बस टर्मिनल नारायणगढ बस पार्क लगायतका सार्वजनिक क्षेत्रमा फ्री Wi –Fi कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ ।

३३. विद्युतिय हाजिरीलाइ केन्द्रीकृत गर्ने, महानगरमा हाल प्रयोगमा आइसकेको अनलाइन राजस्व प्रणाली¸ अनलाइन पेमेन्ट¸अनलाइन नक्सा प्रणाली¸अनलाइन गुनासो ब्यवस्थापन ¸अनलाइन पञ्जीकरण¸डिजिटल नागरिक बडापत्र¸अनलाइन खरीद प्रणाली एवम् डिजिटल योजना प्रणाली¸ बायोमेट्रिक हाजिरी लगायतको कार्यक्रम कार्यान्वयन गर्न रु १ करोड विनियोजन गरिएको छ ।

३४. डिजिटल भरतपुर महानगर कार्यक्रम कार्यान्वयन गर्नको लागि रु ३ करोड बजेट विनियोजन गरिएको छ।

**सहकारी तथा रोजगार प्रर्वद्धन**

३५. सहकारी मार्फत उद्यमशीलताको बिकास गर्न, युवा तथा उद्यमीहरूलाई नवीन व्यवसाय शुरु गर्न आवश्यक क्षमता विकास, प्रविधि हस्तान्तरण, वित्तीय पहुँच सहजीकरण,सहकारी शिक्षा र तालिम मार्फत सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि लगायतको नीति कार्यान्वयन गर्न रु १ करोड बिनियोजन गरिएको छ ।

**पर्यटन तथा उद्योग वाणिज्य**

३६. **भरतपुर –पोखरा- लुम्बिनी (गोल्डेन ट्रयांगल ) पर्यटन प्रवर्द्धन कार्यक्रम,** महानगरपालिकाले पहिचान गरेका ३० वटा प्रमुख पर्यटकीय गन्तव्यहरूको प्रवर्धन तथा विकास, पर्यटन सूचना नक्सा तयार गरी कार्यान्वयनमा ल्याउने, पर्यटन क्षेत्रको विकास र विस्तारको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गुरुयोजना तर्जुमा लगायतको पर्यटन तथा उद्योग बाणिज्य सम्बन्धि नीति कार्यान्वयन गर्नको लागि रु २ करोड विनियोजन गरिएको छ ।

३७. पर्यटन वर्ष सन् २०२४ कार्यान्वयनको लागि संघ तथा बागमती प्रदेश सरकारसँग साझेदारी गरिनेछ जसको लागि रु २ करोड बजेट प्रस्ताव गरिएको छ ।

**युवा तथा खेलकुद**

३८. युवामा स्वयंसेवक परिचालन कार्यक्रम संचालन, विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्न राष्ट्रपति रनिङ सिल्डका अतिरिक्त क्रिकेट भलिवल लगायतका खेलको विद्यालय स्तरीय प्रतियोगिता संचालनको लागि बजेट व्यवस्था गरिएको छ ।

३९. सामुदायिक विद्यालयलाई खेल सामग्री व्यवस्थापनका लागि उपलब्ध गराइँदै आएको अनुदानलाई निरन्तरता दिने, नगरवासीको शारीरिक तन्दुरुस्तीका लागि माग र आवश्यकता अनुसार थप खुल्ला व्यायामशाला स्थापना गरी सञ्चालनमा ल्याइने, अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेश स्तरीय खेलमा पदक जित्ने महानगरबासी खेलाडीलाई पुरस्कार तथा सम्मान प्रदान लगायतका युवा तथा खेलकुद तर्फका नीति कार्यान्वयन गर्नको लागि एकमुष्ट रु २ करोड बजेट विनियोजन गरिएको छ।

४०. गौतम बुद्ध अन्तराष्ट्रिय क्रिकेट रंगशालाको अधुरो कार्य पुरा गर्नको लागि संघीय सरकार, बागमती प्रदेश सरकारसँग साझेदारी र सहकार्य गरिनेछ जसको लागि रु ३ करोड विनियोजन गरिएको छ।

### लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशीकरण

४१. **"छोरीसँग मेयर"** कार्यक्रम अन्तर्गत भरतपुर महानगरभित्र स्थायी बसोबास गरी सरकारी स्वास्थ्य संस्थामा जन्म हुने छोरीहरूका लागि **छोरी बीमा कार्यक्रम** लाई निरन्तरता दिइनेछ, संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका जनआन्दोलन तथा सबै प्रकारका आन्दोलनमा सहिद भएका तथा बेपत्ता पारिएका परिवारका लागि प्रदान गरिँदै आएको मासिक जीविकोपार्जन सहयोग तथा आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिनको लागि बजेट व्यवस्थापन गरिएको छ।

४२. महानगरको लैङ्गिक तथा सामाजिक समावेसी नीति बनाई कार्यान्वयनमा ल्याइनेछ। **"एक वडा: एक जेष्ठ नागरिक विश्रामस्थल"** कार्यक्रमलाई निरन्तरता दिदै वडाहरूमा जेष्ठ नागरिक विश्रामस्थल निर्माण र सञ्चालन गरी ज्येष्ठ नागरिकलाई सहज र सम्मानपूर्ण जीवनयापन गर्न प्रोत्साहित गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयनको लागि एकमुष्ट रु २ करोड बजेट विनियोजन गरिएको छ।

### विपद् व्यवस्थापन

४३. विपद् सामग्री खरीद, उचित भण्डारण, जनशक्ति परिचालन, जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन, राहत वितरण, पुनर्स्थापना जस्ता कार्यहरु गर्न एकमुष्ठ रु ५५ लाख तथा विपद तथा प्रकोप व्यवस्थापन कोषमा रु ९४ लाख बजेट थप गरिएको छ।

### राजस्व प्रशासन संचालन

४४. भरतपुर महानगरपालिका क्षेत्र भित्रका सबै करदाताको एकीकृत तथ्याङ्क संकलन गरी डाटा बैंक तयार गर्ने, करदातालाई कर शिक्षा प्रदान, करका क्षेत्रहरूको पहिचान गरी संकलन गर्ने कार्यमा जनप्रतिनिधि परिचालन, महानगरपालिकाको आन्तरिक राजस्वलाई डिजिटल प्रणालीमा आबद्ध गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि रु १ करोड बजेट विनियोजन गरिएको छ।

### कर्मचारी प्रशासन, जनशक्ति विकास तथा सुशासन

४५. जनप्रतिनिधि र कर्मचारीहरूको लागि आवश्यकता र औचित्यको आधारमा क्षमता विकास तथा पुनर्ताजगी तालिम संचालन, सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षण कार्यक्रम सञ्चालनमा ल्याउने लगायतका नीति कार्यान्वयन गर्नको लागि एकमुष्ठ रु ८० लाख बजेट विनियोजन गरिएको छ।

**निजी क्षेत्र तथा विकास सहयात्रीसँग सहकार्य**

४६. संघ तथा बागमती प्रदेश सरकार एवम् निजी तथा अन्य क्षेत्रको सहकार्यमार्फत लगानी सम्मेलन आयोजना गर्नको लागि रु २० लाख बजेट विनियोजन गरिएको छ।

**सेवा प्रवाह प्रदायक प्रशासन संचालन - व्यवस्थापन**

४७. उत्प्रेरित एवं उच्च मनोबलयुक्त जनशक्तिबाट प्रभावकारी सेवा प्रवाह भई आम सेवाग्राहीले सुशासनको अनुभूति गर्ने हुँदा कर्मचारीको क्षमता अभिबृद्धि गर्ने, विगत नवौं नगरसभाबाट कर्मचारी प्रोत्साहन सुविधालाई यथावत राखिनुका साथै महानगरपालिकाको समग्र प्रशासनिक कार्यको लागि एकमुष्ठ रु ८५ करोड बजेट विनियोजन गरिएको छ।

४८. मागमा आधारित लक्षित वर्ग कार्यक्रम तथा सामाजिक उत्थान क्षेत्रको समग्र नीति कार्यान्वयन गर्नको लागि रु ४७ लाख बजेट विनियोजन गरिएको छ।

४९. संघीय तथा बागमती प्रदेश सरकाबाट प्राप्त सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान, सडक बोर्ड नेपालबाट प्राप्त बजेट तोकिएकै शिर्षकमा खर्च तथा लेखाङ्कन गरिने छ।

५०. महानगरपालिकाले देशभित्र भगिनी सम्बन्ध कायम गरेका स्थानीय तहसँग शिक्षा, स्वास्थ्य तथा पर्यटन क्षेत्रको ज्ञान, सीप तथा अनुभव आदान प्रदान गर्ने कार्यको लागि भगिनी सम्बन्ध मार्फत सुमधुर सम्बन्ध **साझेदारी कार्यक्रम** संचालन गरिनेछ जसको लागि रु ५० लाख बजेट विनियोजन गरिएको छ।

५१. विगतमा नगरविकाष कोषबाट लिईएको ऋणको सावा तथा व्याज भुक्तानीको लागि रु १ करोड रकम विनियोजन गरिएको छ।

५२. महानगरपालिकाबासीलाई सुरक्षाको प्रत्याभुति दिलाउनको लागि महानगरपालिकाको महत्वपुर्ण स्थानमा सि. सि. क्यामेरा जडानको कार्य प्रारम्भ गरिने छ यसको लागि रु २ करोड ९० लाख बजेट विनियोजन गरिएको छ।

अन्तमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुर्याउनु हुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यू, नगरसभा सदस्यज्यू, विज्ञ महानुभाव, राजनीतिकदलका प्रतिनिधि एवं राजनीतिज्ञ, सञ्चारजगत्, नागरिक समाज, निजी क्षेत्र एवं विकास सहयात्री लगायत सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदीबहिनी तथा अहोरात्र खटिने महानगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद् ज्ञापन गर्दछु। साथै आय र क्षेत्रगत व्यय समेटिएको रातो पुस्तिका शीघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मानित नगरसभा समक्ष जानकारी गराउँछु।

धन्यवाद !

चित्रसेन अधिकारी

उपप्रमुख

भरतपुर महानगरपालिका भरतपुर, चितवन

मिति २०८० आषाढ १० गते आइतबार।